**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १५ जनवरी २०२६**
**समयः १८:५० – १९:०० बजे**

**मुख्य समाचार**

१. मुख्यमन्त्री ममता ब्यानर्जीको भोलिदेखि सुरु हुने तीन दिने उत्तर बंगाल भ्रमणलाई लिएर प्रशासन र पार्टी संगठन पूर्ण रूपमा तयार छन्।

२. निर्वाचन आयोगले मुर्शिदाबादको फरक्कामा आयोजित मतदाता सूचीको विशेष गहन पुनरीक्षण-एसआईआर सुनुवाई शिविरमा भएको हिंसक घटनापछि कानुनी कारबाही सुरु गरेको छ।

३. गंगासागरको किनारमा पुण्या स्नानका लागि यस पटक लगभग 85 लाख मानिसहरू पुगेका छन्।

४. भारतीय भूतपूर्व सैनिक लिग खरसाङ शाखाको आयोजनामा सेना दिवस पालन गरिएको छ।

५. खरसाङ शहीद गोल्ड कप फुटबल टुर्नामेन्ट केही समयको लागि स्थगित गरिएको छ।

**मुख्यमन्त्री उत्तर बंगाल भ्रमण**

मुख्यमन्त्री ममता ब्यानर्जीको भोलिदेखि सुरु हुने तीन दिने उत्तर बंगाल भ्रमणलाई लिएर सिलगढीमा प्रशासन र पार्टी संगठन पूर्ण रूपमा तयार छ। शहरभरि स्वागतको तयारी भइरहेको छ, सिलगढी महानगर पुलिसले कडा सुरक्षा व्यवस्था मिलाएको छ।मुख्यमन्त्रीको सुरक्षाका लागि पहिलो पटक सम्पूर्ण भ्रमण अवधि ड्रोनबाट निगरानी गरिनेछ।माटीगाड़ा र उत्तर कन्यामा विशेष सुरक्षा व्यवस्था गरिएको छ, उत्तर कन्या वरपरका सडकहरू बन्द रहनेछन्। माटीगाड़ामा महाकाल मन्दिर शिलान्यास स्थललाई घेराबन्दी गरिएको छ।प्रशासनिक स्रोतका अनुसार मुख्यमन्त्री भोली सिलगढी आइपुग्नुहुनेछ, महाकाल मन्दिरको शिलान्यास पछि उत्तरकन्यामा रात्रि विश्राम गर्नुहुनेछ। शनिबार उहाँले जलपाईगुडीमा हाईकोर्ट सर्किट बेन्चको नयाँ भवनको उद्घाटन समारोहमा भाग लिनु हुनेछ।

**जलपाईगुडी सर्किट बेन्च भवन**

कलकत्ता उच्च न्यायालयको जलपाईगुडी सर्किट बेन्चको नवनिर्मित भवन उद्घाटन अघि रंगीन बत्तीहरूले भव्य रूपमा सजाइएको छ।यो नयाँ भवनको औपचारिक उद्घाटन 17 जनवरीमा हुँदैछ। सिलीगुड़ीका मेयर गौतम देवले हिजो नयाँ भवनको निरीक्षण गर्नुभयो। उहाँका साथ जलपाईगुड़ी नगरपालिकाका चेयरमैन सैकत चट्टोपाध्याय पनि उपस्थित हुनुहुन्थ्यो।, सर्किट बेंच भवनको उद्घाटन समारोहमा सर्वोच्च न्यायालयका मुख्य न्यायाधीश उपस्थित रहनुहुनेछ। सर्किट बेन्च भवन निर्माणको लागि राज्य सरकारले 501 करोड रुपैयाँ विनियोजन गरेको थियो।

**मुर्शिदाबाद हिंसक घटना**

निर्वाचन आयोगले मुर्शिदाबादको फरक्कामा आयोजित मतदाता सूचीको विशेष पुनरीक्षण-एसआईआर (SIR) सुनुवाई शिविरमा भएको हिंसक घटनापछि कानुनी कारबाही सुरु गरेको छ।राज्यका मुख्य चुनाव अधिकारीको कार्यालयबाट प्राप्त जानकारी अनुसार, स्थानीय बुथ स्तरका अधिकारीले अज्ञात उपद्रविहरू विरुद्ध स्थानीय पुलिस चौकीमा प्राथमिकी दर्ता गरेका छन्। घटनाको विस्तृत जांचका लागि कार्यालयले जिल्ला चुनाव अधिकारीसित प्राथमिकीको प्रति मागेको छ।प्रत्यक्षदर्शी र स्थानीय रिपोर्ट

अनुसार स्थानीय तृणमूल कांग्रेसका विधायक मोनिरुल इस्लामको उपस्थितिमा तोडफोड भएको थियो। अधिकारीहरूले अवरोध र सम्पत्ति क्षतिको लागि जिम्मेवार व्यक्तिहरू पहिचान गर्न घटनाको जाँच गरिरहेका छन्।

**गंगासागर मेला**

त्रेता युगमा गंगासागरको किनारमा जुन पुन्य मुहूर्तमा गंगा माताले राजा सगरका पुत्रहरूलाई स्पर्श गरेर मुक्ति दिनु भएको थियो, सोही शुभ मुहूर्तमा पुण्य स्नानका लागि यस पटक लगभग 85 लाख मानिसहरू गंगासागर पुगेका छन्। पश्चिम बंगाल सरकारले जारी गरेको आंकड़ा अनुसार, आज बिहान गंगासागरको किनारमा यी मानिसहरूले आस्थाको डुबकी लगाए।यस वर्ष गंगासागर मेलामा एक खास दृश्य देखियो। पहिलो पटक तृतीय लिंग (किन्नर) साधुहरुको संगठित उपस्थिति दर्ता गरियो। उनीहरूका लागि विशेष अखाड़ा स्थापित गरिएको छ र यसलाई हेर्न श्रद्धालुहरूको ठूलो भीड लागेको छ। जुना अखाडाबाट 12 जना किन्नर साधु गंगासागर आइपुगेका छन्।प्रशासनिक तथ्याङ्क अनुसार हिजो दिउँसो 3 बजेसम्म गंगासागरमा 85 लाखभन्दा बढी पुण्यार्थी उपस्थित थिए।राज्यमन्त्री अरुप विश्वासले मेलामा पिउने पानी, आवास र स्वास्थ्य सुविधाको पर्याप्त व्यवस्था गरिएको बताउनु भएको छ।यसैबीच, मेलामा अहिलेसम्म एक श्रद्धालुको मृत्यु भएको खबर आएको छ। हरेक वर्ष जस्तै यस वर्ष पनि गंगासागर मेलामा ठूलो संख्यामा सन्त र ऋषिहरूको आगमन भएको छ।

**सोशल मीडिया प्लेटफॉर्म ग्रोक**

सोशल मीडिया प्लेटफॉर्म एक्सका उपयोगकर्ताहरूले अब आर्टिफिसियल इन्टेलिजेन्स-एआई च्याटबट ग्रोकको सहयोगमा मानिसहरूको तस्बिरहरू आपत्तिजनक तरिकाले एडिट गर्न सक्ने छैनन्।अश्लील डीपफेकहरूको बारेमा विश्वव्यापी चिन्ताको बीच, एलन मस्कको एआई मोडेल ग्रोकले उपयोगकर्ताहरूलाई वास्तविक व्यक्तिहरूको तस्बिरहरू आपत्तिजनक तरिकाले सम्पादन गर्न अनुमति दिँदैन।यो प्रतिबंध सबै उपयोगकर्ताहरु माथि लागू हुनेछ।

**गाजोलडोबामा प्रवासी पंक्षीहरूको संख्यामा कमी**

पछिल्लो 3 अक्टोबर, 2023-मा सिक्किमको लोनाक झीलमा आएको आपदाको प्रभाव अब स्पष्ट देखिन थालेको छ। यस आपदा पश्चात गाजोलडोबामा प्रवासी पंक्षीहरूको संख्या तथा प्रजातिहरूमा लगातार ह्रास दर्ता गरिँदैछ। हिमालयन नेचर एण्ड एडभेञ्चर फाउण्डेशन औ वन विभागको संयुक्त सर्वेक्षण रिपोर्ट अनुसार वर्ष 2022- मा जहाँ लगभग 70 प्रजातिका 10 हजारभन्दा अधिक पंक्षीहरू देखिएको थियो भने यस वर्ष 68 प्रजातिका लगभग 4 हजार 3 सय पंक्षीहरू मात्र भेटियो। यो संख्या पछिल्लो वर्षको तुलनामा लगभग 01 हजार 2 सय कम हो।
विशेषज्ञहरूको भनाइ छ, टिस्टा नदीमा लेदो जमिएको कारणले जलस्तर घट्नु, नदी किनारमा खेती, बालुवा-ढुङ्गा डम्पिंग तथा बढ्दो शहरीकरण यसको प्रमुख कारण हो। तथापि यसपालि तुन्द्रा बिन गूज जस्तो दुर्लभ प्रजाति सहित ब्ल्याक नेक्ड गग्रीब र कमन मार्सेन्जरलाई पनि देखियो।
यता गाजोलडोबा संलग्न फूलबाड़ी ब्यारेजमा प्रवासी पंक्षीहरूको संख्या बढ़ेर लगभग सात हजार पुगेको छ जुन पछिल्लो वर्षको तुलनामा एकहजार भन्दा अधिक हो। स्थानीय मानिसहरूले आशा व्यक्त गरेका छन्, टिस्टा नदी सामान्य भएपछि पंक्षीहरू फेरि फर्किनेछन्।

**बीएलओले आफू र पत्नीलाई पनि जारी गरे एसआईआर नोटिस**

पश्चिम बंगालमा चुनाउ आयोगका नियमहरूलाई कड़ाईपूर्वक पालन गरिएको एउटा अनौठो उदाहरण प्रकाशमा आएको छ। पूर्व बर्दवान जिल्लाको कटवा विधानसभा क्षेत्रस्थित बूथ नम्बर-165 का बूथ लेभल अफिसर (बीएलओ) देवशंकर च्यटर्जीले मतदाता सूचीमा पाइएको ‘‘तार्किक विसंगति’’- को कारणले आफूसहित आफ्नी पत्नीलाई समेत एसआईआर सुनवाईको नोटिस जारी गरेका छन्। देवशंकर च्यटर्जीले बताए, हालैमा मतदाता जानकारीको सत्यापन अवधि उनको र उनकी पत्नी अनिन्दिता च्यटर्जीको दस्तावेजमा केही विसंगतिहरू देखियो। चुनाउ आयोगले उनको पिताको उपनामको स्पेलिंगमा त्रुटि पायो भने उनकी पत्नी र उनको पिताको उमेरसित सम्बन्धित जानकारीमा पनि अन्तर पाइयो।
चुनाउ आयोगको एपको माध्यमबाट नोटिस प्राप्त भएपछि देवशंकरले बीएलएको रूपमा आफ्नो जिम्मेवारी निर्वा गर्दै कुनै प्रकारको

छुटबिनै प्रक्रिया पूरा गरे। उनले भने, "म बीएलओ भए पनि चुनाउ आयोगका नियमहरूको पालन गर्नु मेरो जिम्ममेवारी हो। मेरो परिवारले कुनै विशेष छुट पाउन सक्दैन। कानूनको नजरमा सबै बराबर हो।" यस फसेलाले उनकी पत्नी अनिन्दिता च्यटर्जीले पनि स्वीकार गरेकी छन्। अब अन्य नागरिकहरू जस्तै यी दम्पत्तिले पनि सुनवाईमा सामेल हुनको लागि पंक्तिबद्ध भएर सम्पूर्ण प्रक्रियालाई पूरा गर्नुपर्छ। यो घटना कटवा शहरमा चर्चाको विषय बनेको छ।

**मुख्यमन्त्री सेना दिवस**

सेना दिवसको अवसरमा, पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले भारतीय सेनाको साहस, अनुशासन र सर्वोच्च बलिदानलाई नमन गर्नुभएको छ।मुख्यमन्त्रीले आफ्नो सन्देशमा भारतीय सेनाका सैनिकहरूको अदम्य साहस र बलिदान सम्पूर्ण राष्ट्रका लागि प्रेरणा भएको बताउनु भयो। उहाँले देशको रक्षा गर्न तैनाथ सबै सैनिकहरूप्रति कृतज्ञता व्यक्त गर्दै उनीहरूको योगदानलाई सलाम गर्नुभयो।

**सेना दिवस खरसाङ**

खरसाङमा भारतीय भूतपूर्व सैनिक लिग खरसाङ शाखाको आयोजनामा सेना दिवस पालन गरिएको छ। संगठनको खरसाङस्थित कार्यालयमा सम्पन्न एक कार्यक्रमबीच सेना दिवस पालन गरिएको छ। यस अवसरमा खरसाङ शाखाका उप सभापति क्याप्टन बिमल प्रधानको अध्यक्षता र सचिव पुरण थामीको सञ्चालनमा सम्पन्न भएको छ। यस अवसरमा भूतपूर्व सैनिकहरु उपस्थित भएर देशको लागि शहीद भएका बीर शहीदहरुलाई श्रध्दाञ्जली अर्पण गरिएको छ। यसको साथै राष्ट्रिय झण्डा उत्तोलन गरेर पालन गरिएको छ। यस अवसरमा कार्यक्रमपछि पत्रकारहरुलाई सम्बोधन गर्नु हुँदै खरसाङ शाखाका सचिव पुरण थापाले सबैलाई सेना दिवसको शुभकामना दिन्दै प्रत्येक वर्ष 15 जनवरीको दिन सेना दिवस पालन गर्ने गरेको बताउनु भएको छ।

**गोरामुमोद्वारा माघे संक्रान्ति पर्व पालन**

आज गोर्खा राष्ट्रिय मुक्ति मोर्चा मिरिक ब्रान्च कमिटीको नेतृत्वमा थर्वु डुप्टिन, मिरिक, सौरेनी र तराई समष्टिको संयुक्तत्वमा सौरेनी समष्टिको नाम्सु बुंकुलुङस्थित बालासन नदीको मुक्ति पुल (गेमन ब्रिज) परिसरमा माघे संक्रान्ति पर्व पालन गरियो। यस पर्वमा उपस्थित ब्रान्चका पदाधिकारी अनि सदस्यहरु र उपरोक्त चारैवटा समष्टिका पदाधिकारी एवं सदस्यहरुले बालासन नदीमा प्रकृतिको पूजा अर्चना गरे। कार्यक्रममा उपस्थित सबैले यस पर्वलाई गोर्खा जातिको निम्ति महत्वपूर्ण पर्वको रुपमा लिदै तरुल फल प्रसाद ग्रहण गरे।

**खरसाङ शहीद गोल्ड कप फुटबल टुर्नामेन्ट स्थगित**

खरसाङ महकुमा खेलकूद संघको आयोजनामा हुने भनिएको खरसाङ शहीद गोल्ड कप फुटबल टुर्नामेन्ट केही समयको लागि स्थगित गरिएको छ। खरसाङको चानमारी आर्मी खेल मैदानमा आगामी 18 जनवरीदेखि शुरु हुने भनिएको खरसाङ शहीद गोल्ड कप फुटबल टुर्नामेन्टको तेह्रौँ संस्करण हालको लागि स्थगित गरिएको जानकारी गराइएको छ। आज खरसाङ महकुमा खेलकूद संघको तर्फबाट पत्रकार सम्मेलन बोलाएर खरसाङ शहीद गोल्ड कप फुटबल टुर्नामेन्ट केही समयको लागि स्थगित गरिएको जानकारी गराइएको छ। यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै खरसाङ महकुमा खेलकूद संघको उपाध्यक्ष फुर्बा घिसिङ र सचिव निर्मल गुरुङले खरसाङको चानमारी आर्मी खेल मैदानमा फुटबल टुर्नामेन्ट आयोजनाको लागि अनुमति प्राप्त भएर नै फुटबल टुर्नामेन्टको लागि खेल तालिका पनि सार्वजनिक गरिएको तर हिजो अचानक जलपहाडबाट फोनमार्फत् केही दिनको लागि स्थगित गरिदिने सूचना आएपछि खरसाङ शहीद गोल्ड कप फुटबल टुर्नामेन्ट केही दिनको लागि स्थगित गरिएको जानकारी गराइएको छ।

**अण्डर 15 विन्टर फुटबल कोचिङ**

सोनादा उच्चत्तर माध्यमिक विद्यालयको आयोजनामा अण्डर 15 विन्टर फुटबल कोचिङ जारी रहेको छ। यस अण्डर 15 विन्टर फुटबल कोचिङमा कोचको रुपमा बुध्द तामाङ, दोर्जी तामाङ, सहायक कोचमा प्रभाकर सर रहेका छन्। उक्त अण्डर 15 विन्टर फुटबल कोचिङ गत 15 दिसम्बर 2025 देखि शुरु भएर आगामी 27 जनवरी 2026 सम्म आयोजना गरिने भएको जानकारी

प्राप्त भएको छ। यस अण्डर 15 विन्टर फुटबल कोचिङमा 15 वर्ष मुनिका 20 जनाभन्दा बेसी उमेरका विद्यार्थीहरुले सहभागिता जनाएका थिए।

## आशा कार्यकर्ता

आशा कार्यकर्ताहरूले आज जलपाईगुडी जिल्लाको राजगञ्जमा आठ बुँदे मागहरूको ज्ञापनपत्र बुझाएका छन्। पश्चिम बंगाल आशा कार्यकर्ता संघको आह्वानमा, राजगञ्ज ब्लकका विभिन्न ग्राम पञ्चायतका दुई सय भन्दा बढी महिला आशा कार्यकर्ताहरूले ज्ञापन कार्यक्रममा भाग लिए।मुख्य मागहरूमा -आशा कर्मिहरूलाई तुरुन्तै स्वास्थ्य कर्मिको दर्जा दिइनुपर्ने। न्यूनतम मासिक 15 हजार रुपियाँ वेतन प्रदान गरिने, प्रोत्साहन राशि सहित सबै बकाया तत्काल भुक्तानी गरिनुपर्ने। कार्यरत अवस्थामा मृत्यु हुने आशा कर्मिका परिवारलाई पाँच लाख रुपियाँ क्षतिपूर्ति दिनुपर्ने। मागहरू सहित कुल आठ बुँदे मागहरू सहित यो ज्ञापनपत्र अन्य बुझाइएको छ।यदि उनीहरूको माग चाँडै पूरा भएन भने, आगामी दिनमा उनीहरू अझ व्यापक आन्दोलनमा उत्रन बाध्य हुनेछन् भनि आशा कर्मीहरुले स्पष्ट गरेका छन्।

## हराएको मोबाइल फोन पुलिसद्वारा फिर्ता

हराएको मोबाइल फोन जफत गर्नमा बागडोगरा थाना पुलिसले उल्लेखनीय सफलता हासिल गरेको छ। थाना क्षेत्रबाट भिन्न-भिन्न समयमा चोरी वा हराएका 30 वटा मोबाइल फोनहरूलाई जफत गरी पुलिसले त्यसको वास्तविक मालिकहरूलाई आज सुम्पिदियो। पुलिस सूत्र अनुसार पछिल्लो एक वर्षमा बागडोगरा थाना अधिनस्थ विभिन्न क्षेत्रबाट मोबाइल फोन हराएको वा चोरी भएको सिकायत दर्ता गरिएको थियो। यी मामिलाहरूको जाँच गर्ने क्रममा बागडोगरा थाना पुलिसले तकनिकी सहायताको माध्यमबाट मोबाइलको लोकेशन ट्र्याक गरी त्यसलाई सफलतापूर्वक हासिल गऱ्यो।

****** ० ******